# सैद्धान्तिक प्रतिबद्धता र कार्यान्वयनबीचको खाडल

राणा शासन अन्त्यपछिको सात दशकभन्दा लामो अवधिमा संविधान, कानुन र शासन प्रणालीका दृष्टिले नेपाल सबैभन्दा प्रगतिशील चरणमा छ। विश्वव्यापी मानव अधिकारहरूको श्रेणीमा पर्ने नागरिक तथा राजनीतिक अधिकारहरू मात्र होइन सामाजिक न्यायको मेरुदण्डका रूपमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समेतलाई नेपालको संविधानले मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। सरकारलाई मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्न निरन्तर सजग गराइरहने दायित्व सहितको राष्ट्रिय मानव अधिकार आयोगका अतिरिक्त अन्य विषयगत आयोगहरू पनि कार्यरत छन्। मानव अधिकारहरूको संरक्षण र संवर्द्धनका लागि सङ्घ, प्रदेश र स्थानीय तहका कार्यभार योजनाबद्ध रूपमा तय गरिएका छन्। तर आममानिसको जीवनमा ती अधिकारहरू, संविधानका मौलिक हक र ती हकहरूको कार्यान्वयन गर्न बनेका कानुनको व्यवस्था अनुरूप अनुभूत हुन सकेका छैनन्।

नेपालमा नागरिक तथा राजनीतिक अधिकारको अवस्था हिजोको तुलनामा सुधिएको देखिनु स्वभाविकै हो। शासन प्रणालीमा भएको फेरबदल र द्वन्द्वको अन्त्यपछि जीवनको अधिकार उल्लङ्घनसम्बन्धी तथ्याङ्कले पनि यही देखाउँछ। तर, बदलिएको राजनीतिक, सामाजिक परिवेशमा जसरी आर्थिक, सामाजिक तथा सांस्कृतिक र वातावरणसम्बन्धी अधिकारहरू संविधानका मौलिक हकहरूका रूपमा स्थापित छन् त्यसैगरी ती हकहरूको कार्यान्वयनका लागि इमान्दार, अवधारणा सङ्गत र न्यायोचित प्रयत्न भएको छैन। त्यसैले सरकारहरूको दायित्व अनुसार के कस्ता काम भएका छन् भन्ने विषयमा मिहिन र विज्ञता सहितको अनुगमन, प्राथमिकता र योजना विश्लेषण सरकार सम्बद्ध निकायहरूको जबाफदेहिताको खोजी आजको मानव अधिकार अभियानको प्रमुख कार्यभार हो।

देश एकात्मकबाट सङ्घीय शासन प्रणालीमा प्रवेश गरेसँगै प्रभावकारी विकेन्द्रिकरण र प्रदेशहरूबीच असल अभ्यासहरूको प्रतिस्पर्धा हुनेछ भन्ने विश्वासलाई धुमिल बनाइँदैछ। सङ्घीय शासन प्रणालीलाई अघि बढाउँदै पहिलो र दोस्रो कार्यकालमा गरी अहिलेसम्म कोशीमा ५९, मधेशमा ५८, बागमतीमा ५६, लुम्बिनीमा ७८, गण्डकीमा ६४, कर्णालीमा ५३, र सुदूरपश्चिममा ६६ कानुन बने। तीमध्ये महिला हिंसा र जातीय भेदभाव विरुद्धका कानुन र देशको दीर्घकालीन भविष्यसँग जोडिएको बालबालिकाको हितसम्बन्धी कानुन उल्लेखनीय छन्। प्रदेशगत रूपमा हेर्दा ती कानुनहरूमध्ये तीनदेखि नौओटा जति मानव अधिकारसँग प्रत्यक्षत: जोडिएका छन्। तर, सबैजसो प्रदेश सरकारहरूले कानुनलाई कार्यान्वयन गर्ने तदारूकता देखाउन सकेका छैनन्। उदाहरणका लागि, मधेश प्रदेश सभाले निर्माण गरेको 'दलित सशक्तिकरण ऐन, २०७६' को कार्यान्वयनको अवस्था तीन वर्ष बितिसक्दा पनि अत्यन्त कमजोर छ। सुदूरपश्चिम प्रदेश सभाले निर्माण गरेको दलित सशक्तिकरण ऐन २०७८ को अवस्था पनि उस्तै छ। सरोकारवालासँगको पर्याप्त छलफल तथा गृहकार्य बिना निर्माण गरिएका ऐनहरूको कार्यान्वयन सरकारी बेवास्ताका कारण झन् कमजोर हुन गएको प्रष्ट छ।

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरू वा संयुक्त राष्ट्रसङ्घीय प्रणालीले सृजना गरेका मानव अधिकारहरूको संरक्षण, संवर्द्धन र परिपूर्तिसम्बन्धी दायित्व निर्वाह गर्ने सन्दर्भमा नेपालले आवधिक कार्ययोजना तय गर्दै आएको छ। यसैक्रममा दुई वर्षभन्दा अघि बनेको पाँचौ राष्ट्रिय कार्ययोजनाको अवधि

करिब डेढ वर्षपछि समाप्त हुँदैछ। तर, अहिलेसम्म न यसको कार्यान्वयनका लागि तय गरिएका गतिविधि भएका छन्, न यसको मध्यकालीन समीक्षा भएको छ।

मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि सङ्घीय समन्वय समिति, प्रदेश समन्वय समिति, जिल्ला समन्वय समिति र स्थानीय तह समन्वय समितिको व्यवस्था गरिएको छ। कार्ययोजनामा यस्तो समितिलाई कार्यान्वयनको सुनिश्चितताका लागि आवश्यक विशिष्टिकृत संयन्त्रका रूपमा उल्लेख गरिएको छ। कागजमा हेर्ने हो भने ती समितिलाई प्रदेशमा कार्ययोजनाको कार्यान्वयनको समन्वयका अतिरिक्त प्रदेश सरकारले अबलम्वन गर्ने नीतिगत विषयमा सुझाव दिने र मानव अधिकार स्थितिको समीक्षा गर्ने जिम्मेवारी तोकिएको छ। तर, सबैजसो प्रदेशहरूमा समिति निस्कृय छन्। उदाहरणका लागि, सुदूरपश्चिममा प्रदेशस्तरीय समन्वय समिति बनेको छ। तर, त्यसअन्तर्गतका जिल्ला तथा स्थानीय तहहरूमा समन्वय समितिहरू निर्माण गरिएका छैनन्।

गण्डकी बाहेक अरू प्रदेशहरूको अवस्था उस्तै छ। सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी, बागमती, मधेश र कोशी प्रदेशहरूमध्ये लुम्बिनी र मधेश प्रदेशमा मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि प्रदेशस्तरीय समन्वय समिति पनि बनेको छैन। संयुक्त राष्ट्रसङ्घीय विश्वव्यापी आवधिक समीक्षामा नेपाललाई प्राप्त सिफारिसको सम्बोधन गर्न र ३२ ओटा मौलिक हकहरूलाई स्थानीय तहदेखि नै कार्यान्वयन गराउन निर्माण गरिएको कार्ययोजनाको चरम बेवास्ताले सरकारको प्राथमिकताको सङ्केत गर्दछ। राज्यका तीन ओटै अङ्ग र राजनीतिक दलहरू मानव अधिकारका सवालमा संवेदनशील हुन नसक्दा उत्पन्न निराशाका कारण नागरिक तथा राजनीतिक उपलब्धिहरूको अवमूल्यन गर्ने दुस्प्रयास समेत सतहमा देखिन थालेका छन्।

राज्यका निर्देशक सिद्धान्तका आलोकमा मानव अधिकार सुनिश्चित भएको एक दशक हुन लाग्यो। तर, न्यायपालिका, व्यवस्थापिका र कार्यपालिकाका काम कारबाही यस दिशामा गतिशील देखिएका छैनन्। त्यसैले, खासगरी कार्यपालिका र यसअन्तर्गतका कानुन कार्यान्वयन गर्ने जिम्मेवारी पाएका निकायहरूको निरन्तर निगरानीका लागि मिडिया, स्वतन्त्र चिन्तन गर्न सक्ने बौद्धिक वृत्त र मानव अधिकार समुदाय सहितको नागरिक समाजको जागरुकता अझै आवश्यक छ। नेपालमा नागरिक र राजनीतिक चेतना तथा समानता, समन्याय र सामाजिक न्यायप्रतिको संवेदनशीलताको विकास र प्रसार गर्न यी संस्थाहरूले विगतमा उल्लेखनीय योगदान गरेका छन्। लोकतान्त्रिक अधिकार स्थापित नभएको समयमा राजनीतिक अधिकारको माग बोकेर आन्दोलन गर्ने राजनीतिक दलहरूसँग यी संस्थाहरूको ध्येय धेरै हदसम्म एकाकार हुनु अस्वभाविक होइन। तर, राजनीतिक परिवर्तनपछि हुने दलहरूको भूमिका परिवर्तनको सन्दर्भमा नागरिक समाजले नयाँ दायित्व बोध गर्न सक्नु पर्दछ। जसअन्तर्गत राज्यका तीन ओटै अङ्गहरू, अझ बढी कार्यपालिकाको निर्भीक निगरानी र खबरदारी पर्दछन्। ०६२-६३ पछि बदलिएको राजनीतिक-सामाजिक परिवेशमा नेपालको नागरिक समाज, अझ खासगरी मानव अधिकार समुदायले आफ्नो भूमिकालाई अनुकूलन गर्न सकेका छैनन्।

महिलामाथि हुने सबै प्रकारका हिंसा नेपालका लागि गम्भीर चुनौतीको विषय हो। यही वर्ष पुस्तकमा सङ्ग्रहित तथ्याङ्कले बोल्दैछ, सन् २०२३ मा मात्रै आफ्नै पतिको हातबाट १ सय ९ जना महिलाको हत्या भयो। मधेश प्रदेशमा एकातिर प्रदेशस्तरीय लैङ्गिक समानता नीति बनेको छ, अर्कातिर उही प्रदेशमा यो वर्षमात्रै ४५ जना महिला दाइजोसम्बन्धी हिंसाका घटनामा पीडित भए, सात जनाको ज्यानै गयो। नीति, कानुनका व्यवस्था र कार्यान्वयनमा लापरबाही र बेइमानीका दृष्टान्त सात ओटै प्रदेशसहित समग्र नेपालमा जहाँतहीं छन्।

यस वर्ष मानव अधिकारहरूको विश्वव्यापी घोषणापत्रको पचहत्तरौँ वार्षिकोत्सव मनाइँदैछ। नेपालमा राणाकालको अन्त्य हुनुभन्दा करिब दुई वर्षअघि जारी भएको यो घोषणापत्रको कालजयी भावना आज पनि उत्तिकै सान्दर्भिक छ। यसको प्रस्तावनाको सुरुआतमै उल्लेख गरिएको 'मानिसले अत्याचार र दमनको विरुद्ध अरु उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो' भन्ने नठानुन् भन्ने पङ्क्ति नेपालको आजको सन्दर्भमा अझ बढी विचारणीय छ। त्यसैले 'मानिसलाई त्यस्तो अनुभूति नहोस् भन्ने हो भने मानव अधिकारहरू कानुनी शासनद्वारा संरक्षित हुन आवश्यक छ' भन्ने ठहर अनुकूल व्यवहार हुनै पर्दछ। जनकपुरकी आरती साहको मृत्यु परिवारबाटै दाइजोसँग सम्बन्धित कारणले भएको हो भन्दै आफन्तजनले न्यायको गुहार गर्न सङ्घीय राजधानीको सडकमै उत्रिनु पऱ्यो। प्रारम्भिक अनुसन्धान र न्याय प्रकृयामै भेदभाव भएको उनीहरूको अनुभूतिले घोषणापत्रको उही कठोर पङ्क्तिको स्मरण गराउँछ। आफ्ना पूर्व पतिको हत्या गर्ने व्यक्तिलाई दिइएको माफी बदर गरियोस् भनेर एउटी महिलाले पनि राजधानीमै आएर धर्ना आन्दोलन गर्नुपर्ने अवस्था वस्तुतः अपराध अनुसन्धान र न्यायिक प्रकृयाको अस्वभाविक स्थिति र न्यायको दुर्गम अवस्थितिको सङ्केत हो। अर्को दृष्टान्तका रूपमा नेपालका जेल र हिरासतहरूको अवस्था हेरौँ। हिजो सबै राजनीतिक-सामाजिक सम्भ्रान्तहरूले आफैँ अनुभूत गरेको जेल र हिरासतको अवस्थाका सम्बन्धमा आज कसैको चासो छैन। यो वर्ष प्रहरी हिरासतमा रहस्यमय ढङ्गले थुनुवाको मृत्यु भएका घटना वा जेलमै प्रहरीको कुटपिटबाट भएको हत्याका घटना प्रदेश र सङ्घीय संसदमा समेत छलफलका विषय समेत बनेनन्।

राजनीतिक र नागरिक अधिकारका लागि आन्दोलन गर्नु नपर्ने अवस्था वा सशस्त्र द्वन्द्व नभएको आजको अवस्थामा मानव अधिकारका सवालहरूको वृत्त निकै फराकिलो हुनै पर्दछ। आज आमरूपमा मानिसलाई केवल बाँच्न पाउने अधिकारको चिन्ता छैन, सम्मान र समृद्धि सहितको सहज जीवन आजको प्रमुख आवश्यकता हो। आज राज्यका निकायहरूलाई जवाफदेही बनाउन विश्वका सबै राष्ट्रले दिगो विकास स्तम्भहरूका रूपमा मानेका पृथ्वी र मानवको हित, समृद्धि, शान्ति तथा साझेदारीका लक्ष्य हासिल गर्न कति इमान्दार प्रयास भइरहेको छ भन्ने निगरानीमा केन्द्रित हुनै पर्दछ। पर्यावरण जोगाउने विषयसँग मानव अधिकार र न्यायको सवाल अन्योन्याश्रित रूपमा जोडिएको छ। किनकी, आजको सन्दर्भमा पर्यावरणको क्षति पुऱ्याउनेहरूलाई निरूत्साहित गर्न र क्षतिको आर्थिक सामाजिक असरबाट आक्रान्त जनतालाई न्याय दिलाउन मानव अधिकार रक्षक अग्रसर हुनै पर्छ।

दशकौंदेखिका विभिन्न राजनीतिक-सामाजिक उथलपुथलले दिएको शिक्षाका आधारमा नागरिकको अधिकार सुनिश्चित गर्न स्थापित संस्थाहरूको प्रभावकारितामा पनि ह्रास आइरहेको छ। देशको आवश्यकता र अन्तर्राष्ट्रिय व्यवस्थाको कदर गर्दै छयालीस सालको परिवर्तनपछि स्थापित राष्ट्रिय मानव अधिकार आयोग, महिला आयोग र दलित आयोग सँगसँगै ०६२-६३ पछि दलित, जनजाति, मधेसी, मुस्लिमलगायतका आयोगहरू अस्तित्वमा छन्। तर, सबैजसो आयोगहरू क्षेत्राधिकार र पूरा गर्नुपर्ने कार्यभारकै सम्बन्धमा प्रष्ट देखिँदैनन् र विशिष्ट आयोगका रूपमा राष्ट्रिय मानव अधिकार आयोगको अन्य आयोगहरूसँगको समन्वयात्मक भूमिका पनि दस्तावेजमा मात्र सीमित देखिन्छ। विश्व मानव अधिकार समुदायले चासोका साथ नियालिरहेको नेपालको सङ्क्रमणकालीन न्यायका विषयमा राष्ट्रिय मानव अधिकार आयोगको निस्पृह प्रायः व्यवहार पनि अपेक्षित होइन। यो संस्थाले कठोर द्वन्द्वकालमा समेत मानिसको जीवनको अधिकार सहित आधारभूत मानव अधिकार रक्षाका लागि अप्ठ्यारा ठाउँहरूमा पनि आफ्नो उपस्थिति देखाएको थियो। कुनै बेला द्वन्द्वरत दुवै पक्षका ज्यादतीको निरन्तर अनुगमन गर्ने संस्थाले द्वन्द्वपश्चातको कालखण्डमा पनि द्वन्द्वपीडितको आवाज र सरोकारलाई वेवास्ता गरेर कानुन नबनाइयोस् भन्ने विषयमा सरकार, संसद र राजनीतिक दलहरूलाई झकझक्याउन सक्नु पर्दथ्यो।

मानव अधिकार वर्ष पुस्तकमा समेटिएको समग्र मानव अधिकार अवस्थाको यति वस्तुगत चित्रणले तीन ओटै तहका सरकार र यसका निकायहरूका लागि सुधार र खुलापनका साथ अघि बढ्न मद्धत गर्दछ भन्नेमा विमति हुन सक्दैन। जननिर्वाचित सरकारहरू मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिमा इमान्दारीपूर्वक लाग्दै गर्दा मानवअधिकार संस्थाहरू साझेदारका रूपमा भेटिन्छन्। तर सरकारहरू आफ्नो दायित्वबाट विमुख भएको अवस्थामा मानव अधिकार अभियान खबरदारी गर्ने परम कर्तव्यबाट चुक्नु हुँदैन।

यो वर्ष पुस्तक मानव अधिकारको अवस्था दर्शाउने ऐनाका अतिरिक्त साझेदारी, खबरदारी र समझदारीको संयुक्त दस्तावेज हो। नेपाली र अङ्ग्रेजी दुवै भाषामा एक साथ निरन्तर प्रकाशित हुँदै आएको मानव अधिकार वर्ष पुस्तकको यो ३२ औं श्रृङ्खलाले आफ्नो परम्परा मात्र धानेको छैन, समयानुकूल परिमार्जन र गतिशीलताका उदाहरण पनि प्रस्तुत गरेको छ। यो वर्ष सात ओटा प्रदेशहरूको तुलनात्मक अवस्था बुझ्न सकिने मानव अधिकार उल्लङ्घन सूचकाङ्क प्रस्तुत गरिएको छ। आउँदा दिनहरूमा वर्ष पुस्तक अझै वस्तुनिष्ठ, खँदिलो र उपयोगी बनाउँदै लैजाने र यसको दिगोपनाका उपायहरू पनि खोज्दै जाने हाम्रो प्रयत्न रही रहनेछ। निरन्तरता र विषयगत विशिष्टताका कारण मानव अधिकार वर्ष पुस्तक नेपालले देशका तर्फबाट विश्वको ध्यानाकर्षण गर्दै आएको छ भन्ने तथ्यमा हामी सचेत छौँ। त्यसैले यसको तयारी क्रममा हामीले तथ्य सङ्कलन, सम्पादन-परिमार्जन, प्रकाशन-वितरणका प्रकृयामा उच्चस्तर कायम गर्ने प्रयास गर्दै आएका छौँ। आगामी दिनमा नेपाल मानव अधिकार वर्ष पुस्तकलाई अझ प्रभावकारी बनाउन र यसको स्थायित्व सुनिश्चित गर्न आवश्यक सरसहयोगको हामी सबैबाट अपेक्षा गर्दछौँ।

अन्त्यमा, इन्सेकका जिल्ला प्रतिनिधिहरू, तथ्याङ्कशास्त्री र विभिन्न विषयका विज्ञहरू, इन्सेकका सम्पूर्ण कर्मचारी साथीहरू, साधारण सदस्यहरू, कार्यसमितिका पदाधिकारीहरू, अनुसन्धान, प्रतिवेदन लेखन, सम्पादन र प्रकाशनका लागि आर्थिक सहयोग गर्ने रोयल नर्वेजीयन राजदूतावास, ब्रेड फर द वर्ल्ड र ड्यान चर्च एडप्रति आभार प्रकट गर्दछु। सूचना र धारणा उपलब्ध गराउने नेपाल सरकारका विभिन्न निकायहरू, राजनीतिक दल, प्रदेश सरकार, स्थानीय तहका सङ्घ, महासङ्घहरू तथा मानव अधिकारका क्षेत्रमा कृयाशील संवैधानिक निकाय र सामाजिक संस्थाहरूप्रति कृतज्ञता व्यक्त गर्दछु।

मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि सबैले सहकार्य गर्दै सक्दो योगदान गरौँ।

**डा. कुन्दन अर्याल**
अध्यक्ष

२०८० फागुन ७